**भरतपुर भ्रमण वर्ष २०२४ को समुद्घाटन समारोहका लागि मञ्च निर्माण प्रयोजनार्थ सिलबन्दी दरभाउ पत्र आव्हान सम्बन्धी सार्वजनिक सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०८०।११।०१ गते)

भरतपुर महानगरपालिकाको आयोजनामा मिति २०८०।११।१८ गते भरतपुर भ्रमण वर्ष २०२४ को समुद्घाटन हुने भएकोले उक्त समारोहको मञ्च निर्माणका लागि सिलबन्दी दरभाउ पत्र आव्हान गर्ने निर्णय भएको हुँदा तपसिलको सर्तको अधिनमा रही मञ्च निर्माण गर्न इच्छुक कम्पनी वा फर्मले भरतपुर महानगरपालिकाको आन्तरिक व्यवस्थापन तथा खरिद शाखाबाट निःशुल्क दरभाउ पत्र फाराम बुझलिइ सूचना प्रकाशन भएको मितिले ५ दिनभित्र (पाचौं दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन) रितपूर्वक दरभाउपत्र फाराम भरी आन्तरिक व्यवस्थापन तथा खरिद शाखामा पेस गर्नु हुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

शर्तहरुः

- पाँच फिट उचाई सहित ४०'*३०' आकारको मञ्च ट्रसबाट निर्माण गरी घामपानी छेक्ने टेन्ट ,कार्पेट , सोफा ,टेबल र ३०० बर्ग फिटको बिभिन्न साइजका फ्लेक्स बोर्ड सहित प्राकृतिक फूलहरूबाट सजावटको व्यवस्था गर्नुपर्नेछ ।
- मूख्य मञ्चबाट पछाडी ओर्लने सुविधा सहितको ४०'*२०' क्षेत्रमा घामपानी छेक्ने टेन्ट र कार्पेटको व्यवस्था गर्नुपर्नेछ ।
- मूख्य मञ्चको पछाडी रहेको ४०'*२०' को खुल्ला स्थानको पछिल्लो ४०' र सोको दायाँबाँया १०'/१०' अपारदर्शी छेकवार लगाउनु पर्नेछ ।
- मञ्चको दायाँबाँया ५'/५' चौडाइको भऱ्याङ राखी मञ्चको मूख्य भागको ठीक अगाडि पहिलो लाइनमा VVIP७ र त्यसपछि VIP ५० जनाको लागि सोफाको व्यवस्था गर्नुपर्नेछ ।
- सांस्कृतिक कार्यक्रम मञ्चबाट १०' खुल्ला स्थान राखेर मंचको दायाँतर्फ ५'*५' नेपाल टेलिभिजनबाट प्रत्यक्ष प्रसारण गर्ने मंच र बायाँतर्फ १०'*१०' राष्ट्रिय र स्थानीय सञ्चारमाध्यमका लागि मञ्च तयार गर्नुपर्नेछ ।
- प्रत्यक्ष प्रसारण गर्ने मञ्चबाट ५' अगाडितर्फ ४०'*८०' मा ५' को बाटो राखी दायाँतर्फ पत्रकार र कार्यालय प्रमुखको लागि २५० थान र बायाँतर्फ प्रदेश र स्थानीयस्तरका जनप्रतिनिधिहरूको लागि २५० थान गरी जम्मा ५०० थान कभर सहितको स्टील कुर्सी राख्नुपर्नेछ ।
- उपरोक्तानुसारको करिब ६०'*१७०' क्षेत्रमा आवश्यकता अनुसार प्रवेशद्वार र सुरक्षित बार बन्देज गर्नुपर्नेछ ।
- ६०'*१३०' क्षेत्रको अगिल्लोभागको बीचमा ५' को बाटो राखी दायाँतर्फ ५०० थान र बायाँतर्फ ५०० थान गरी जम्मा १००० थान प्लास्टिक कुर्सी राख्नुपर्नेछ ।
- मञ्च निर्माण र तयारी भरतपुर महानगरपालिका र सुरक्षा निकायको समन्वयमा गर्नुपर्नेछ।
- मञ्च निर्माण स्थल नारायणी नदी किनार प्रदर्शनी मैदान ,भरतपुर-१, चितवन ।
- निर्माण स्थलमा प्रयोग भएका सामग्रीहरूको सुरक्षा र टुटफुटको सम्पूर्ण जिम्मेवारी सेवा प्रदायकको हुनेछ ।

८०।११।०१

(प्रमुख प्रशासकीय अधिकृत)

- मिति २०८०।११।१६ गते साँझसम्म मञ्चको पूर्ण निर्माण र मिति २०८०।११।१७ गते १ बजेसम्ममा प्राकृतिक फूलबाट मञ्च सजावटका सम्पूर्ण कार्य सम्पन्न गर्नुपर्नेछ ।

<u>दरभाउपत्र फारामसाथ पेस गर्नुपर्ने कागजातहरु:</u>

- फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको छायाँ प्रति थान-१
- आन्तरिक राजस्व कार्यालयबाट जारी भएको करचुक्ता (०७९।०८०) प्रमाणपत्रको छायाँ प्रति थान-१
- भरतपुर महानगरपालिकाभित्र व्यवसाय रहेका फर्म वा कम्पनीको हकमा व्यवसाय दर्ता नवीकरण (०८०।०८१) खुलेको प्रमाणित कागजातको छायाँ प्रति थान-१
- फर्म वा कम्पनीको आधिकारिक छाप र दस्तखत सहितको पूरा विवरण भरिएको दरभाउपत्र फाराम थान-१
- मु.अ.क. दर्ता प्रमाणपत्रको छायाँप्रति थान-१

<u>थप जानकारी तथा समन्वयका लागि</u>

वरिष्ठ शाखा अधिकृत झलक कुमार श्रेष्ठ
मोबाइल नं ९८६१३४५१८२

प्रमुख प्रशासकीय अधिकृत

०८०।११।०९



Scanned with CamScanner